नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २११ २०८२ साल चैत १२ गते बिहीबार (26 Mar 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नियाय देखाएर बढ्दो छ आन्तरिक ... ३ पृष्ठमा : सुनसान सिंहदरबार ... ३ पृष्ठमा : अमेरिकाद्वारा इरानलाई १५ ...

# “लेखनाथ आदर्श पुस्तकालय” को हल निर्माणका लागि प्रक्रिया सुरु




फायल तस्बिर

**नवीनकुमार गुप्ता**
**राजविराज, ११ चैत ।**

सप्तरीको एक मात्र ऐतिहासिक ‘लेखनाथ आदर्श पुस्तकालय’ को अस्तित्व बचाउनका लागि राजविराज नगरपालिकाले हल निर्माण गर्ने भएको छ।

उक्त पुस्तकालयको हल निर्माणका लागि चालु आ.ब. २०८२/८३ मा ३० लाख बजेट बिनियोजन गरेको छ। नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविनले पुस्तकालय हल निर्माणका लागि स्टिमेट भइसकेको र अबको केही दिनमै ई-बिडिङ प्रक्रियाबाट टेण्डर खोलिने जानकारी दिएकी छिन्।

राजविराज नगरपालिकाको स्वामित्वमा रहँदै आएको सो पुस्तकालय हाल राजविराज वडा नं. ७ स्थित तत्कालिन वन कार्यालय (हाल डिभिजन वन कार्यालय) को ठ्याक्क अगाडी पट्टी दुई तल्ले पक्की भवनको भुई तल्लामा अवस्थित थियो।

हाल उक्त स्थानमा राजविराज नगरपालिकाले व्यापारिक प्रयोजनका लागि निर्माण गरेको एक तल्ले भवनमाथी पुस्तकालय संचालनका लागि हल निर्माण गर्ने भएको छ।

विगतमा सूचना केन्द्रको रुपमा विस्तार गरिएको उक्त पुस्तकालय अब आधुनिक पुस्तकालयको रुपमा संचालन हुने कार्यवाहक प्रमुख परविनको भनाई छ।

बि.स. २०४५ सालको भुकम्प पश्चात् पनि भवनको

*बाँकी अन्तिम पृष्ठमा*

# उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठ सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

बुधबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै चैती छठ पर्व भएको छ। मंगलबार साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका बर्तालुले बुधबार बिहान सूर्योदय भएसँगै दोस्रो अर्घ्य दिएर पर्व सम्पन्न गरेका हुन्।

वसन्त ऋतुमा मनाइने हुँदा यसलाई चैती छठ भनिएको हो। चैत शुक्लपक्षमा मनाइने हुँदा आम बोलीमा यसलाई ‘चैती छठ’ भन्ने गरिएको छ।

चारदिने यो पर्व चैत शुक्ल चौथी (चतुर्थी) देखि सप्तमीसम्मको हुन्छ। यसपालि गत आइतबार चैत शुक्ल चतुर्थी (चौथी)का दिन ‘नहाय-खाय’ र सोमबार पञ्चमी तिथिका दिन बर्तालुले ‘खरना’ विधि सम्पन्न गरेका थिए। यसैगरी मङ्गलबार षष्ठी तिथिको निराहार व्रत बसेर बर्तालुले साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका थिए। यो पहिलो अर्घ्यलाई यहाँ ‘सझुका अरख’ भन्ने गरिएको छ। त्यसैगरी बुधबार उदाउँदो सूर्यलाई दिइने अर्घ्यको विधिलाई ‘भोरका अरख’ वा ‘पारन’ भनिन्छ।

पर्वको पहिलो दिन स्नान गरेर चोखोनीतिो खाने चलन छ। यस दिन व्रतमा अपवित्र मानिने लहसुन, प्याज र कोदोसहितका खाद्यपदार्थ प्रयोग गरिन्नन्। अरवा चामलको भात खाइने हुँदा यस दिनलाई ‘अर्बाअर्बाइन’ पनि भनिन्छ।

यसैगरी दोस्रो अर्थात् ‘खरना’का दिन दिनभरि उपवास रही राति सक्खर हालेर पकाइएको खिर इष्टदेवलाई

*बाँकी अन्तिम पृष्ठमा*

# खैरो हिरोइनसहित दुई जना पक्राउ

सिरहा, ११ चैत (रासस)।

यहाँको गोलबजार नगरपालिकाबाट प्रहरीले अवैध लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा गोलबजार नगरपालिका-५ बस्ने २५ वर्षीय अनिल चौधरी र लहान नगरपालिका-१ भाइरलबावा टोल घर भई हाल गोलबजार-४ निपानेस्थित ससुराली घरमा बस्दै आएका ३३ वर्षीय बलिराम महतो रहेका छन्।

सोमबार राति गोलबजार-४ निपाने टोलस्थित पूर्व-पश्चिम लोकमार्ग सडक छेउमा लागुऔषध बिक्री वितरण भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजारको संयुक्त टोली परिचालन गरिएको थियो।

प्रहरी टोलीले शङ्कास्पद अवस्थामा रहेका अनिल चौधरीलाई नियन्त्रणमा लिई खानतलासी गर्दा उनको ज्याकेटको खल्तीबाट एक ग्राम खैरो हेरोइन फेला पारेको थियो। प्रहरीसँगको सोधपुछका क्रममा चौधरीले उक्त पदार्थ आफूलाई बलिराम महतोले बिक्री गर्न दिएको बयान दिएका थिए।

चौधरीको बयानका आधारमा प्रहरी टोली राति नै बलिराम महतो बसिरहेको निपानेस्थित उनको ससुराली घर पुगेको थियो। घर खानतलासी गर्दा दराजमा लुकाइछिपाइ राखेको अवस्थामा १० ग्राम २५० मिलिग्राम खैरो हिरोइन फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

प्रहरीले महतोको साथबाट नगद रु २० हजार ३१०, ओप्पो मोबाइल एक थान, चुरोट पाँच थान, लाइटर दुई थान र ब्लेडका टुक्रा दुई थानसमेत बरामद गरेको छ। दुवै जनाको साथबाट जम्मा ११ ग्राम २५० मिलिग्राम खैरो हिरोइन बरामद गरी उनीहरूलाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान भइरहेको सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिनुभयो।

# एक खर्ब २३ अर्ब ६७ करोडको पेट्रोलियम पदार्थ आयात

**दैनिक समाचारदाता**
**पर्सा, ११ चैत ।**

चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु एक खर्ब २३ अर्ब ६७ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको सोही अवधिको तुलनामा चालु आवमा इन्धन आयात बढेको छ।

पेट्रोलियम पदार्थको आयातबाट रु ५२ अर्ब १५ करोड राजस्व सङ्कलन भएको छ। त्यसैगरी, रु ६३ अर्ब ६५ करोड बराबरको सात लाख दुई हजार ३०० किलोलिटर डिजेल आयात भएको छ।

सोही अवधिमा रु २५ अर्ब ३० करोड बराबरको दुई लाख ९० हजार ३८२ किलोलिटर पेट्रोल रु २० अर्ब ८५ करोड बराबरको २० करोड २८ लाख २० हजार ९३२ किलोग्राम एलपी ग्यास आयात भएको छ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यसइम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ चैत्र १६ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता **(महिला)** | राजविराज | १ | CMA/HA |

**द्रष्टव्य:**
१. उमेर १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिनेछ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सर्म्पक गरीने छ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ।

## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### लामखुट्टेको प्रकोपबाट बच्न नियमित सरसफाईमा ध्यान पुऱ्याऔं

अहिले बसन्त ऋतु सुरु भएसँगै लामखुट्टे ( मच्छर) को प्रकोप बढ्नु स्वाभाविक हो । यसले डेंगु, मलेरिया, चिकुनगुनिया जस्ता घातक रोगहरू फैलाउने भएकाले नियन्त्रणका लागि स्थानीय तहहरूले औषधी छर्किने कार्य तीव्र बनाएका छन् । औषधी छर्किने कार्यले मच्छरको संख्यामा तत्काल कमी ल्याउने र रोग फैलिन नदिन महत्वपूर्ण भूमिका खेल्छ । तर, यस्तो कार्यले केवल फाइदा मात्र होइन, मानव स्वास्थ्यमा नकारात्मक असर पनि पार्ने सम्भावना रहेको छ । औषधीका कारण श्वासप्रश्वासमा समस्या, छाला एलर्जी, आँखा पोल्ने, टाउको दुख्ने जस्ता रोगहरू निम्त्याउन सक्छ ।

बालबालिका, वृद्धवृद्धा र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिहरू अझ बढी जोखिममा पर्न सक्छन् । दीर्घकालीन रूपमा यस्ता रसायनहरूको अत्यधिक प्रयोगले वातावरणमा पनि असर पार्ने गर्दछ । पानी, माटो र हावामा प्रदूषण बढ्नुका साथै अन्य उपयोगी कीराहरू पनि नष्ट हुने खतरा हुन्छ । औषधी छर्किने कार्य अस्थायी उपाय मात्र भएकाले मूल समस्याको समाधानतर्फ सबै पक्ष जिम्मेवार हुन जरुरी छ । औषधी छर्केर अल्पकालिन समस्या समाधान त हुन्छ, तर यसले दिर्घकालिन निकास पाउँदैन ।

तसर्थ यसका लागि दीर्घकालीन समाधान अपनाउनु जरुरी छ । नियमित सरसफाइमा ध्यान दिनु, फोहर पानी जम्न नदिनु, फोहरलाई एक ठाउँमा जम्मा पारेर नष्ट गर्न सक्ने फोहर जलाउने र जलाउन नमिल्ने फोहरलाई खाल्डो खनेर विसर्जन गर्ने लगायतको उपाय अवलम्बन गर्नुपर्छ । साथ साथै यस्ता विषयमा जनचेतना अभिवृद्धि गर्नु पनि उत्तिकै जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नियाय देखाएर बढ्दो छ आन्तरिक भ्रष्टाचार



**बिष्णु गिरी 'निश्चल'**

भ्रष्टाचारलाई आर्थिक अपराधहरू सित जोडिन्छ । भ्रष्टाचारलाई आपराधिक अपराधको एक रूप हो जसमा एक व्यक्ति वा सङ्गठनले प्राप्त गरेको अधिकारको स्थितिमा अवैध लाभहरू प्राप्त गर्न वा आफ्नो व्यक्तिगत लाभको लागि शक्तिको दुरुपयोग गर्दछन् । सामान्यरूपमा भन्दा सार्वजनिक पद धारण गरेको व्यक्तिले पदीय शक्तिको दुरुपयोग गरेको अवस्था नै भ्रष्टाचार हो । तर पछिल्लो समय नेपालमा सार्वजनिक पदमा बसेको ब्यत्तिको नाम, फोटो या भनौ सरकारी निकायमा बसेका ब्यत्तिहरुलाई देखाएर पनि आन्तरिक रुपमा भष्ट्रचार हुने गरेको छ । अभिनेता राजेश हमालको नाममा भ्रष्टाचार गरेको आरोपमा ४ जनाविरुद्ध मुद्दा दायर भएको छ । अछामको ढकारी गाउँपालिकाले हमालको तस्बिर प्रयोग गरेर बनाइएको भनिएको वृत्तचित्तका लागि १२ लाख ७७ हजार २५० रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो । गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर साउद, निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण साह र लेखापाल विमल साउदविरुद्ध सार्वजनिक सम्पत्ति दुरुपयोग गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ । यो घटनाबाट पनि प्रश्ट हुन्छ की बिभिन्न चर्चित ब्यक्ति सरकारी निकायलाई देखाएर पनि भष्ट्रचार हुने गरेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदन अनुसार नेपाल विश्वका १८० देशमध्ये १२२ औं नम्बरमा छ । बिश्वमा राजस्व प्रशासन, विकास प्रशासन, प्रहरी प्रशासन तथा न्याय प्रशासनमा भ्रष्टाचार बढी मात्रामा हुने गर्छ ।नेपालमा परिवारकै कुरा गरौ सानो बालकलाई कुनै सामान किन्न पठाउँदा उसलाई सामानको मूल्यभन्दा केही रकम थप दिएर पठाउने चलन छ । जबकीऊ सजिलै सामान किन्न जान मानोस् । यसले बालकहरूको अबोध मानसपटलमा 'कमिसन' खाने प्रवृत्तिको छाप हाम्रो परिवारले नै बसाएको छ । नेपालीहरु छिटो भन्दा छिटो धनी हुने चाहना हुन्छ । यसले पनि भ्रष्टाचार मौलाएको पाइन्छ ।

हरेक मानिसले आफूबाट हैन, अर्कोबाट सदाचार व्यवहारको अपेक्षा गर्छ । आफूले गरेका काम कारबाहीको मूल्यांकन गर्दैन । यसले पनि भ्रष्टाचार मौलाइरहेको छ । भ्रष्टाचारमा घुस, आर्थिक अपचलन, नीतिगत भ्रष्टाचार, निर्णयगत भ्रष्टाचार, निर्वाचन भ्रष्टाचार आदि पर्छन् । भ्रष्टाचार प्राकृतिक र कानुनी व्यक्तिबाट हुन सक्ने भए पनि कानुनी व्यक्तिको सञ्चालनमा पनि प्राकृतिक व्यक्ति नै रहने हुनाले मानिसको नै यसमा भूमिका हुन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार भ्रष्टाचार बढी हुने कारणहरूमा शक्ति, पद र पैसाको चाहनामा वृद्धि, उच्च स्तरको राजनीतिक तथा आर्थिक हैसियतको तीव्र चाहना, कमजोर प्रजातन्त्र, स्थापित प्रणालीको अभाव, पारदर्शिताको कमी, जवाफदेहिताको कमी, विधिको शासन नहुनु, नागरिक नियन्त्रण र खबरदारीको कमी, सामाजिक जागरण र चेतनाको कमी, गरिबी र आर्थिक अवसरको अभाव, सामाजिक र राजनीति अस्थिरता लगायतका कारणहरु छन् । सार्वजनिक र सरकारी निकायमा रहेका मानिसले कानुनले तोकेको कार्य नगर्ने, गैरकानुनी तरिकाले घुस वा आर्थिक लाभ लिने, नीतिगत व्यवस्था गरी व्यक्तिगत लाभ लिने वा नीतिको अपव्याख्या गरी आफूलाई लाभ पुग्ने कार्य गर्ने, अख्तियारको दुरूपयोग गर्नेजस्ता कार्यलाई भ्रष्टाचार भनिन्छ । नेपालको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ (ज) मा भ्रष्टाचार भन्नाले 'भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानुन बमोजिम सजाय हुने कसुर सम्झनुपर्छ' भनिएको छ ।

सार्वजनिक र सरकारी निकायका अख्तियारप्राप्त व्यक्तिले भ्रष्टाचार गर्छन् भने राज्यका अन्य निकायमा त्यसको प्रभाव बढी पर्छ । राजनीतिक नेता भ्रष्ट हुँदा त्यसको प्रभाव सरकार, अदालत, संसद्, सेना, प्रहरी, अख्तियारजस्ता अनुसन्धान गर्ने निकायहरुमा परेको हुन्छ । भ्रष्टाचार सामाजिक अपराध भएकाले यसले समाज, नैतिकता, मानवीयता, संस्कार र संस्कृतिलाई ध्वस्त बनाउने गरेको छ । भ्रष्ट र भ्रष्टाचारीलाई समाजले सबैतिरबाट बहिष्कार र तिरस्कार गर्ने, गलत र नराम्रो मान्दै त्यस्तो गतिविधिलाई परिवार र समाजकै स्तरबाट विरोध र घृणा गरिदिने हो भने यसमा कमी हुन सक्छ । मान्छेको आचार अनि व्यवहारसँग जोडिएको यो 'भ्रष्टाचार' शब्द आफैमा यस्तो एउटा खराब आचरण हो, जसले स्वयं व्यक्तिलाई त निरन्तर खोक्र्याइरहेको हुन्छ नै सँगसँगै त्यसले राष्ट्र अनि राष्ट्रका सारा विधि, कानुन र प्रणालीहरू पनि ध्वस्त पारिरहेको हुन्छ । नेपालमा 'सुनकाण्ड'लगायतका काण्डहरूले नेपालमा भ्रष्टाचारको डरलाग्दा पहरो देखाउँछ ।

विश्व बैंकको एउटा अध्ययनले गरिब तथा विकासोन्मुख अर्थात विकास भइरहेका देशहरूमा भ्रष्टाचार बढी भएको तथ्यहरू फेला पारेको छ । विश्व बैंकको त्यो अध्ययन निष्कर्षको एउटा भाव के हो भने भ्रष्टाचार गर्न वा हुनका लागि 'गरिब' नै हुनुपर्दैन तर धनीले भ्रष्टाचारै गर्दैन भन्ने पनि होइन । ललिता निवासको जमिन, बाँसबारी र बालमन्दिर लगायतका सरकारी जग्गा जमिनदेखि गिरिबन्धु टी स्टेटसम्मको लहरोमा बल्झिएका हाम्रा 'आदर्श' मान्छेहरूको अनुहारले जोसुकैलाई झस्काउँछ । कोराना कालमा 'ओम्नी काण्ड' त्यसको एउटा ताजा उदाहरण हो । नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने 'गिरोह'मा मुछिएका राजनीतिक दल र तिनका नेतादेखि उच्च तहका कमर्चारीहरूको मिलेमतो ललिता निवासको जमिन, बाँसबारी र बालमन्दिरलगायतका सरकारी जग्गाजमिनदेखि गिरिबन्धु टी स्टेटसम्मको काण्डले हामीलाई झस्काईरहन्छ । जसले नयाँ पुस्ताको आशा र भरोसामाथि एउटा नमिठो प्रहार गरेको छ ।

भ्रष्टाचार निवारणका लागि नेपालमा ऐन, कानुन अनि नीति नियमहरू नभएका होइनन् । तर भ्रष्टाचारका निम्ति तिनमा पनि कतिपय त्यस्ता छिद्रहरू राखिएका हुन्छन जहाँबाट पदासिन व्यक्तिहरू फुत्तफुत्त निस्किन र छिर्न सकून् । अहिले भ्रष्टाचार विश्वभरि नै जटिल सामाजिक रोगको रूपमा देखा परेको छ । भ्रष्टाचार कानूनको कमजोर कार्यान्वयन, शोषणयुक्त सामाजिक संरचना, व्यक्तिको लालची प्रवृत्ति र अतृप्तिको परिणाम हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्रै दूईसय भन्दा वटा भ्रष्टाचार सम्बन्धी मुद्दा दायर भएका थिए । ती मध्ये धेरैजसो स्थानीय तहको ठेक्का प्रक्रियामा अनियमितता, घूसखोरी, सार्वजनिक सम्पत्तिको हिनामिना र राजस्व छलीसँग सम्बन्धित थिए ।

नेपालको भ्रष्टाचार विरोधी कानूनहरू कमजोर छन् । भ्रष्टाचारको कसूरमा हुने कैद, सजाय न्यून छ । भएका कानूनी प्रावधानहरूको कार्यान्वयनमा समेत प्रभावकारिता देखिएको छैन । सूचनादाताको संरक्षण गर्ने कानून छैन । निजी क्षेत्रबाट हुने भ्रष्टाचार हेर्ने निकाय तोकिएको छैन । 'अनुचित कार्य' कसको जिम्मेवारीमा पर्ने हो, सोको कानूनी स्पष्टता छैन । भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजन गरिसक्नुपर्ने समय-सीमाको कानूनी रूपमा किटान नगर्दा ठूला भ्रष्टाचारका मुद्दाहरूको अनुसन्धान लामो समयसम्म नटुङ्गिने, मुद्दा दायर भएको लामो समयसम्म अदालतमा अड्किरहने र दोषीहरूले समयमै सजाय नपाउने लगायतका समस्याहरु छन् । तीनै तहको सरकार, नागरिक समाज, सञ्चार माध्यम, सामाजिक संघ संस्था एवम निकयको विचमा भ्रष्टाचर विरुद्ध एकिकृत र समन्वयात्मक प्रयासले मात्र भ्रष्टाचार नियन्त्रण सम्भव छ । ( लेखक : कानून ब्ययबसायी हुन्)

# निर्वाचनमा प्रयोग नभएको चालीस प्रतिशत मतपत्र धुल्याइने

**प्रकाश सिलवाल**

काठमाडौँ, ११ चैत (रासस) ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रयोग नभएको करिब ४० प्रतिशत मतपत्र धुल्याइने भएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा ५९ प्रतिशत मत खसेकाले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक निर्वाचन प्रणालीका लागि छापिएकामा ४० प्रतिशत मतपत्र प्रयोगविहीन भएका हुन् । निर्वाचनका लागि कूल एक करोड ८९ लाख तीन हजार ६६९ मतदाता रहेकामा आयोगले दुवै प्रणालीका लागि मतदाता सङ्ख्याभन्दा सात प्रतिशत बढी हुने गरी जनक शिक्षा सामग्री केन्द्रमार्फत मतपत्र छपाइ गरेको थियो । आयोगले प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार र समानुपातिकतर्फ दुई करोड आठ लाख ४३ हजार गरी चार करोड ११ लाख ४३ हजार मतपत्र छपाइ गरी सम्बन्धित निर्वाचन क्षेत्रमा ढुवानी गरेको थियो ।

आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ मतदान भएको र त्यसमध्ये करोड पाँच लाख नौ हजार १७ ( ९४ दशमलव ५५ प्रतिशत) मत सदर भएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मतदान भएकोमा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले सामान्यतः मतदाताको सङ्ख्याभन्दा बढी सङ्ख्यामा मतपत्र छापिने अभ्यासबमोजिम यस पटक पनि चार करोड ११ लाख ४३ हजार मतपत्र छापिएकामा प्रयोग नभएका मतपत्र कानुनी प्रबन्धबमोजिम तत्तत् क्षेत्रमा धुल्याउने प्रक्रियामा जाने बताउनुभयो । मतदाताभन्दा बढी मतपत्र छपाइ भएकामा कुनै दुरूपयोग त भएन ? वा निर्वाचनको निष्पक्षतामा प्रश्न उठ्छ कि ? भन्ने कतिपयले प्रश्न उठाएको सन्दर्भमा प्रवक्ता भट्टराईले भन्नुभयो, "शङ्का त गर्न पाइयो तर निर्वाचनको निष्पक्षतामा कुनै शङ्का छैन । हामीले प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाइसेको र कुनै दल वा पक्षबाट औपचारिकरूपमा त्यस्तो प्रश्न नआएकाले मतपत्र खेर गयो भन्ने आधारमा कुनै शङ्का गर्नु उचित हुँदैन ।"

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले पाठ्यपुस्तक छपाइलगायत नियमित कामका अतिरिक्त राष्ट्रको जिम्मेवारीलाई बोध गर्दै आयोगको कार्यादेशबमोजिम दैनिक १३ लाख मतपत्र छपाइ गरी सुरक्षितरूपमा समयमै हस्तान्तरण गरिएको बताउनुभयो । उहाँले मतपत्र छपाइको कामले केन्द्रलाई घाटापूर्ति गर्न पनि सघाएको बताउनुभयो ।

'सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ (पहिलो संशोधन, २०७०' मा धुल्याउने भन्नाले 'सरकारी कार्यालयमा रहेको कागजातमा लेखिएको व्यहारो पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने कार्यलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो कागजलाई आगोमा डढाउने कार्यसमेत जनाउँछ' भनिएको छ ।

सो कानुनअनुसार सम्बन्धित कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको कागजातहरूअवधि पुगेपछि 'नेपाल सरकारको कुनै हानि-नोक्सानी नहुनेदेखि धुल्याउन उचित ठहऱ्याएका जति कागजातहरू काम तामेल भई सकेपछि जुनसुकै बखत धुल्याउन धुल्याउन आदेश दिन सक्ने' व्यवस्था छ । धुल्याउने कागजातहरूलीलाम बिक्री पनि

*बाँकी अन्तिम पृष्ठमा*

# सुनसान सिंहदरबार

मधु शाही
काठमाडौं, ११ चैत (रासस)।

देशमा नयाँ आर्थिक वर्षको बजेट निर्माणको चटारो लगभग सुरु भइसकेको छ। यतिखेर सिंहदरबारका सबै मन्त्रालयमा मन्त्रीहरू भइदिएको भए प्रदेश एवं स्थानीय तहका जनप्रतिनिधिहरू बजेट माग्न सिंहदरबारमा आइसकेका हुने थिए। जनप्रतिनिधि मात्र नभएर जिल्ला जिल्लाबाट विभिन्न राजनीतिक दलका नेताहरू अहिले सिंहदरबार आउने समय हो। नेपालको संविधानको प्रावधानअनुसार प्रत्येक जेठ १५ गते नेपाल सरकारले सङ्घीय संसद समक्ष बजेट प्रस्तुत गर्नुपर्दछ।

तर, सिंहदरबारमा अहिले पहिले पहिले जस्तो बजेट माग्न आउनेहरूको भीडभाडा देखिँदैन। बजेट निर्माणको क्यालेन्डर त सुरु भइसकेको छ, तर कर्मचारी तहमा नै यो काम भइरहेको छ। त्यसैले राजनीतिक नेतृत्व तहमा बजेटको चटारो सुरु भएको छैन।

अर्कोतर्फ अहिले सरुवा, बढुवा होस् या अन्य प्रशासनिक काम लिएर सिंहदरबारमा नागरिक पुगेका देखिँदैनन्। किनभने निर्वाचनको केही समयअघि देखि नै सिंहदरबारमा अधिकांश मन्त्रीहरू हुनुहुन्न। केही मन्त्रीहरू यही फागुन २१ गते सम्पन्न निर्वाचनमा उम्मेदवार बन्न जानुभएकाले अधिकांश मन्त्रालय खाली जस्तै छन्। एउटा मन्त्रीले धेरै मन्त्रालयको जिम्मेवारी लिनुपर्ने अवस्था भएकाले मन्त्रालयहरू सुनसान देखिएका छन्। प्रशासनिक काम लिएर आउने नागरिक कर्मचारी समक्ष पुग्ने गरेका देखिन्छन् तर त्यो सङ्ख्या थोरै छ।

शिक्षासम्बन्धी काम लिएर बागलुङबाट आउनुभएका बलराम आचार्य अझै केही दिन काठमाडौं बस्नुपर्ने अवस्था भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "यहाँ आएको केही दिन भयो, तर मन्त्री नभइ काम नहुने भएकाले अब नयाँ मन्त्री नआउन्जेल यतै बस्नुपर्ने भएको छ। नयाँ मन्त्रिमण्डल बनेपछि काम सकेर मात्र घर फर्कने निधो गरेको छु।''

आफ्ना निजी एवं प्रशासनिक काम लिएर आउने राजनीतिक दलका कार्यकर्ता एवं जनप्रतिनिधिको भीडभाड देखिने गरेको सिंहदरबार केही समय यतादेखि सुनसान जस्तै छ। जनतासँग प्रत्यक्ष जोडिएका र कतिपय विकासे कार्यक्रम सञ्चालन हुने मन्त्रालयमा पहिला जस्तो खचाखच नागरिक नआएका सिंहदरबारमा कार्यरत कर्मचारी बताउँछन्।

शिक्षा मन्त्रालयमा मन्त्रीको कार्यकक्षमा बस्नु भएका एक कर्मचारीका अनुसार मन्त्री नभएपछि नीतिगत रुपमा हुने काम रोकिएका छन्। अरु बेला बजेटको समय मन्त्रीको सचिवायलमा भेटघाट गर्नेको भीड थेगी नसक्नुहुन्थ्यो। अहिले खाली कुर्सी र दुई/चार कर्मचारी मात्रै भेटिन्छन्। शिक्षा मन्त्रीको मन्त्री निवासको कार्यकक्षमा पुग्दा पूर्वमन्त्री महाविर पुनको फोन नम्बर लेखिएको कागज भित्तामा टाँसिएको थियो।

त्यहाँ कार्यरत कर्मचारीले भन्नुभयो, "उतिबेला मन्त्री आफैले सेवाग्राहीको गुनासो सुन्न फोन नम्बर टाँस्नु भएको थियो। अहिले मन्त्री नभएका कारण कोही आएका छैनन्।"

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि क्षतिग्रस्त पश्चात टहरामा सञ्चालीत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मन्त्री डा सुधा गौतम नियमित कार्यमा नफर्किने भन्दै अनौपचारिक रुपमा बिदा भइसक्नुभएको छ। नागरिकले प्रत्यक्ष रुपमा स्वास्थ्यका विषय लिएर मन्त्रालय आउने थलो अहिले सुनसान छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बजेट बनाउने समयमा मन्त्री नहुँदा कार्य सम्पादनमा चुनौती देखिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "नयाँ मन्त्री को आउला भन्दै पर्खिनेहरू हुनुहुन्छ। बजेटकै बेलामा मन्त्रीको आगमनले केही प्रभावकारिता हुने थियो।"

बजेटको बेला सिंहदरबारका मन्त्रालय मात्रै होइनन्, वरिपरिको माहोलको रौनक नै बजेटमय हुन्थ्यो। हातमा फाइल बोकेर सिंहदरबार धाउनेको चहलपहलले एक किसिमको रमाइलो अनुभूति हुने गरे पनि अहिले सुनसान जस्ते अवस्थामा रहेको सिंहदरबार देख्दा अनौठो लागेको गृह मन्त्रालयका कर्मचारी केदार घिमिरेले बताउनुभयो।

"मन्त्रालयमा पालो कुरेकाहरू क्यान्टिनमा आएर चिया खाजा खाने, गफ गर्ने गर्दथे, यसले सबै मन्त्रालयका क्यान्टिन भरिभराउ हुन्थे", उहाँले विगत सम्झँदै भन्नुभयो, "प्रवेशद्वारादेखि नै भित्र पस्नेको लाइनै लाग्थ्यो, अहिले सुनसान छ।"

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता सहसचिव उदयबहादुर रानामगरले बजेट तयारी सबै मन्त्रालयको महत्वपूर्ण समय भएको बताउनुभयो। अरु समय बजेट तयारी गर्दा खाजा खान पनि फुर्सद नहुने विगत सम्झिँदै उहाँले भन्नुभयो, "मन्त्री नभएपछि सार्वजनिक सम्पर्कहरू निकै नै कम हुने रहेछ। यतिबेला बजेट तयारी गर्ने महत्वपूर्ण बेला भएकाले यो अवस्था खट्किएको पाइएको हो।"

गत फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भइसकेको छ। बिहीबार नवनिर्वाचित सांसदहरू सबैले सपथ लिने कार्यक्रम तय भएको छ। शुक्रबार नयाँ प्रधानमन्त्रीले सथप लिएपछि मन्त्रिमण्डल बन्ने छ। अनी त्यसपछि मात्र सिंहदरबारमा चहल पहल सुरु हुने छ।


## राजविराज नगरपालिका
### ८ नं. वडा कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं : ६४२
मिति: २०८१/१२/०९

विषय- सुचना सुचना सुचना

**वडा कार्यालय रा.वि.न.पा वडा नं ८वाट जारी भएको सुचना**

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी रा.वि.न.पा वडा नं ८अन्तर्गत चालु आ.व.०८२/०८३वडा स्तरीय तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने भएको उक्त कार्यक्रम सामाजिक विकास तर्फ नगरसमा पारित बाल /बालिका महिला,जेष्ठ नागरिक अपांगता र सामाजिक विकास को क्षेत्र मा कार्यरत संघ /संस्था,सहकारी ले १५दिन भित्र आ/आफ्नो प्रयोजना प्रस्तावना सहित को निवेदन सुचिकृत पत्र नविकरण को प्रमाण पत्र,संस्था को वायोडाटा समेत संलग्न राखी यस वडा कार्यालय मा बुझाउन हुन् तपसिल बमोजिम आ.व २०८२/०८३सम्म को नविकरण मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्रतिलिपि आ.व.०८२/०८३को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि विधान को प्रतिलिपि समेत राखी पेश गर्न हुन् यो सूचक प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**वडा स्तरीय योजनाहरु**

| सि.नं | योजनाहरु | रकम |
|---|---|---|
| १. | विक्रम साह् को घर देखि पुर्व सतिस दत्त को घर सम्म नाला निर्माण | ५,००,०००/- |
| २. | खेलकुद सामग्री तथा प्रतियोगिता | २,००,०००/- |
| ३. | विपद व्यवस्थापन | ३,००,०००/- |
| ४. | जेनजी पुस्तिका किशोर किशोरीहरु को लागि यौन जन्य हिंसा तथा तनावव्यवस्थापन | ५,००,०००/- |
| ५. | कृषकका लागि हाईब्रिड तरकारी विउ विजय खरिद तथा वितरण | १,००,०००/- |
| ६. | मर्मत सम्भार तथा विभिन्न बाटोहरु मा माटो ग्रेभेल स्थाव आदि | ७,००,०००/- |
| ७. | सुनिल साह् को घर देखि उत्तर सकुन्तला चौधरी को घर सम्म बाटो तथा ढल निर्माण कार्य | १,००,०००/- |
| ८. | डस्टविन सानो तथा सडकमा वितरण | ३,००,०००/- |
| ९. | सर/सफाई खर्च तर्फ | १,००,०००/- |
| १०. | सुर्यदेव साह् को घर देखि दक्षिण आधारभूत विद्यालय सम्म बाटो निर्माण कार्य | ५,००,०००/- |
| ११. | राजकुमार परियार को घर देखि रामनाथ चौधरी को घर सम्म बाटो तथा ढल मर्मत कार्य र विनोद चौधरी को घर देखि उत्तर त्रिशक्ति फर्निचर सम्म बाटो निर्माण कार्य रामानन्द साह्को घर देखि दक्षिण कैलाश झाको घर हुदै कंचनपुर रोड सम्म बाटो निर्माण कार्य | १०,००,०००/- |
| १२. | वडा स्तरीय वडा नं ८गत वर्ष शिव कुमार मण्डल को घर देखि पुर्व शम्भु देवको घर हुदै राम कुमार मण्डल को घर सम्म माटो ग्रेभेल तथा बाटो निर्माण कार्य | ५,००,०००/- |
| १३. | वडा स्तरीय वडा नं ८गत वर्ष खुल्ला व्यामशाला सामाग्री खरिद तथा निर्माण | १,००,०००/- |
| १४. | वडा स्तरीय वडा नं ८ गत वर्ष लोक सेवा संबन्धित तालिम | ५,००,०००/- |
| १५. | वडा स्तरीय वडा न ८ गत वर्ष वडा मेला तथा टोल मेला वडा स्तरीय वडा नं ८ निर्माण कार्य | २४,०००/- |
| १६. | वडा स्तरीय वडा नं ८ गत वर्ष नवाह्न महोत्सव कार्यक्रम | ६,००,०००/- |
| १७. | वडा स्तरीय वडा नं ८ गत वर्ष विभिन्न पुजा आर्थिक सहयोग | ४०,०००/- |
| १८. | वडा स्तरीय वडा नं ८ गत वर्ष हिमालय कवड हलमा शौचालय | ६,००,०००/- |


## विश्व समाचार

### अमेरिकाद्वारा इरानलाई १५ बुँदे युद्धविराम प्रस्ताव, मध्यपूर्वमा तनाव कायमै

दुबई, ११ चैत (रासस/एपी)।

अमेरिका सरकारले इरानसँग जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले १५ बुँदे युद्धविराम प्रस्ताव अघि सारेको छ। यो प्रस्ताव पाकिस्तानमार्फत इरानसम्म पुऱ्याइएको बताइएको छ, जसले अमेरिका र इरानबीच वार्ता पुनः सुरु गराउन मध्यस्थताको भूमिका खेल्ने सङ्केत दिएको छ। यसैबीच, अमेरिका मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ बनाउने तयारीमा देखिएको छ। करिब ५० हजार सैनिक पहिले नै क्षेत्रमा तैनाथ रहेका बेला थप करिब एक हजार सैनिक पठाउने तयारी गरिएको छ। साथै, समुद्री सैनिकहरूको ठूलो सङ्ख्या पनि परिचालन गरिँदैछ। यसलाई भविष्यमा आवश्यक निर्णय लिन लचिलोपन कायम राख्ने रणनीतिका रूपमा हेरिएको छ।

यद्यपि कूटनीतिक प्रयास तीव्र बने पनि परिस्थिति जटिल नै रहेको छ। इरानले अमेरिका सङ्ग कुनै औपचारिक वार्ता भइरहेको दाबी अस्वीकार गरेको छ। अर्कोतर्फ, अमेरिकाले भने वार्ता भइरहेको सङ्केत दिएको छ, जसले दुवै पक्षबीच अविश्वास अझै गहिरो रहेको देखाउँछ। मध्यपूर्वको महत्वपूर्ण जलमार्ग हर्मुज जलडमरूमध्य पनि तनावको केन्द्र बनेको छ। इरानले यस मार्गमा नियन्त्रण कडा बनाएपछि अन्तर्राष्ट्रिय व्यापार प्रभावित भएको छ भने इन्धनको मूल्य पनि तीव्र रूपमा बढेको छ। यसले विश्व अर्थतन्त्रमा समेत असर पार्ने चिन्ता बढाएको छ।

युद्धको क्रममा दुवै पक्षबाट आक्रमण जारी रहेका छन्। इरानले इजरायलतर्फ मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ भने इजरायलले इरान र लेबनानका विभिन्न स्थानमा हवाई आक्रमण गरेको छ। यी आक्रमणहरूमा सर्वसाधारणको ज्यान जाने र घाइते हुने घटनाहरू पनि भएका छन्। लेबनानमा पनि तनाव बढेको छ। इजरायलले त्यहाँ इरान समर्थित समूहहरूलाई लक्षित गर्दै आक्रमण गरेको जनाएको छ। यसबीच लेबनान सरकारले इरानी राजदूतलाई देश छोड्न निर्देशन दिएको छ, जसले क्षेत्रीय तनावलाई अझ जटिल बनाएको छ।

पाकिस्तानले भने अमेरिका र इरानबीच वार्ता गराउन आफू तयार रहेको जनाएको छ। यदि वार्ता सफल भयो भने निकट भविष्यमा युद्धविराम सम्भव हुन सक्ने आशा गरिएको छ। तर, दुवै पक्षका कडा अडान र आपसी अविश्वासका कारण तत्काल समाधान भने चुनौतीपूर्ण देखिएको छ। समग्रमा, एकातर्फ कूटनीतिक पहल अघि बढिरहेको छ भने अर्कोतर्फ सैन्य गतिविधि पनि बढिरहेको छ, जसले मध्यपूर्वको अवस्था अझ संवेदनशील र अनिश्चित बनाएको छ।

### वार्ता संकेतबीच मिसाइल प्रहार

तेहरान, ११ चैत (रासस/एएफपी)च्य ।

अमेरिका र इरानबीच सम्भावित वार्ताका सङ्केतहरू देखिइरहेका बेला इरानले बुधबार इजरायल तथा खाडी क्षेत्रका लक्ष्यहरूतर्फ नयाँ मिसाइल आक्रमण गरेको छ। यो आक्रमणले कूटनीतिक पहलसँगै सैन्य तनाव पनि समानान्तर रूपमा जारी रहेको स्पष्ट पारेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँग संवाद अघि बढिरहेको सङ्केत दिनुभएको छ। उहाँले वासिङ्टनमा पत्रकारहरूसँग कुरा गर्दै अमेरिका अहिले इरानसँग 'वार्तामा रहेको' उल्लेख गर्नुभयो। यद्यपि इरानी पक्षले औपचारिक रूपमा त्यस्तो कुनै वार्ताको पुष्टि गरेको छैन। ट्रम्पले इरानले हालै चालेको कदमलाई सकारात्मक सङ्केतका रूपमा व्याख्या गर्दै 'उनीहरूले हामीलाई ठूलो मूल्यको उपहार दिएका छन्' भन्नुभयो। उहाँले यसबारे थप खुलाउनुभएन, तर उक्त अभिव्यक्ति स्ट्रेट अफ होर्मुजसँग सम्बन्धित रहेको सङ्केत गर्नुभयो।

विश्वको झण्डै पाँचौं भाग कच्चा तेल ओसारपसार हुने स्ट्रेट अफ होर्मुज हालै इरानले अमेरिका र इजरायलका आक्रमणको प्रतिक्रियास्वरूप अवरुद्ध गरेको थियो। तर अहिले तेहरानले अन्तर्राष्ट्रिय समुद्री सङ्गठनमार्फत सन्देश जारी गर्दै 'गैर-शत्रुतापूर्ण जहाजहरू' लाई सुरक्षित मार्ग दिने जनाएको छ। यस कदमले विश्व बजारमा केही सहजता ल्याएको छ र कच्चा तेलको मूल्य छ प्रतिशतभन्दा बढीले घटेको देखिएको छ। अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्सका अनुसार वासिङ्टनले पाकिस्तानमार्फत इरानलाई १५ बुँदे शान्ति योजना पठाएको छ। योजनामा युद्ध अन्त्य गर्ने प्रयासस्वरूप मध्यस्थताको प्रस्ताव समावेश गरिएको छ। तर यस योजनाबारे इजरायल अवगत थियो वा प्रत्यक्ष रूपमा संलग्न थियो भन्ने स्पष्ट भइसकेको छैन। यसबीच ट्रम्पले पुनः दोहोऱ्याउँदै इरानले 'कहिल्यै पनि आणविक हतियार प्राप्त गर्न नपाउने' विषयलाई सम्भावित सम्झौताको मुख्य आधारका रूपमा प्रस्तुत गर्नुभएको छ। सन् २०१५ मा भएको आणविक सम्झौताबाट अमेरिका पछि हटेपछि उत्पन्न अविश्वासबीच नयाँ सहमतिको प्रयास भइरहेको देखिन्छ। यद्यपि कूटनीतिक पहल अघि बढिरहेको भनिए पनि सैन्य गतिविधि भने तीव्र नै छ। द वाल स्ट्रिट जर्नलका अनुसार अमेरिकाले मध्यपूर्वमा थप तीन हजार सैनिक पठाउने योजना बनाएको छ, जसले तनाव अझै बढ्न सक्ने सङ्केत दिएको छ।

इरानको रिभोलुसनरी गाड्र्सले बुधबार इजरायलतर्फ मिसाइलहरूको नयाँ लहर प्रहार गरेको जनाएको छ। साथै कुवेत, जोर्डन र बहराइनमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई पनि लक्ष्य बनाइएको बताइएको छ। इरानले यी आक्रमणहरूलाई अमेरिका र इजरायलका कारबाहीको जवाफका रूपमा व्याख्या गरेको छ। कुवेतमा ड्रोन आक्रमणपछि इन्धन ट्याङ्कीमा आगलागी भएको छ, यद्यपि नागरिक उड्डयन प्राधिकरणले क्षति सीमित रहेको जनाएको छ। बहराइनमा हवाई आक्रमणको साइरन बजाइएको थियो भने जोर्डनको राजधानी अम्मान नजिक छर्रा खसेको रिपोर्ट गरिएको छ, जसबाट कुनै क्षति नभएको बताइएको छ। साउदी अरेबियाले आफ्नो पूर्वी क्षेत्रमा चारवटा ड्रोन खसालेको जनाएको छ।

उता, इजरायलले इरानबाट नयाँ मिसाइल प्रहार भएपछि 'इरानी पूर्वाधार' माथि थप आक्रमण सुरु गरेको जनाएको छ। इरानले भने इजरायलले बुसेहरस्थित नागरिक आणविक केन्द्रमा दोस्रोपटक आक्रमण गरेको आरोप लगाएको छ, जुन ऊर्जा संरचनाका दृष्टिले अत्यन्त संवेदनशील क्षेत्र मानिन्छ। युद्ध अन्त्य हुन सक्ने सङ्केतसँगै विश्व बजारमा सकारात्मक प्रभाव देखिएको छ, तर क्षेत्रीय सुरक्षा अवस्था अझै अस्थिर नै छ। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि इरानलाई वार्तामा 'इमानदारीपूर्वक संलग्न हुन' आग्रह गर्नुभएको छ। उहाँले आफ्ना इरानी समकक्षीसँगको कुराकानीपछि कूटनीतिक समाधानको आवश्यकता औंल्याउनुभएको हो।

# प्रधानमन्त्री कप क्रिकेटमा मधेस प्रदेश पाँच विकेटले विजयी

**दैनिक समाचारदाता**
**पर्सा, ११ चैत ।**

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबारको खेलमा मधेस प्रदेश पाँच विकेटले विजयी भएको छ।

वीरगञ्जको नारायणी रङ्गशालामा भएको उक्त खेलमा मधेस प्रदेशले सुदूरपश्चिमलाई पाँच विकेटले पराजित गरेको हो । सुरुआती चरणमा ब्याटिङ गरेको सुदूरपश्चिम प्रदेशले ४३ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६० रन बनायो । एक सय ६१ रनको लक्ष्य मधेस प्रदेशले ३३ दशमलव ४ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो ।

मधेस प्रदेशको जितमा अरनिको यादवको ४६, मोहम्मद आदिल आलमको ३४ र पवन सर्राफको २१ रन समावेश थियो ।

त्यस्तै सुदूरपश्चिमका लागि ब्याटिङ गर्ने क्रममा अभिषेक पालले ४५ बलमा ३३ रन तथा किरण ठगुन्नाले २३ रन जोडे । बलिङतर्फ मधेस प्रदेशका अरनिको यादवले तीन तथा प्रदीप पासवानले दुई विकेट लिए ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब तथा सात प्रदेशको सहभागिता छ । प्रतियोगिताको विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।

# राष्ट्रपति पौडेलद्वारा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य केसीलाई शपथ

काठमाडौं, ११ चैत (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीलाई पद तथा गोपनियताको शपथ गराउनुभएको छ ।

राष्ट्रपति कार्यालयमा बुधबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उहाँलाई पद तथा गोपनियताको शपथ गराउनुभएको हो । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित हुनुहुन्थ्यो ।

यसैगरी समारोहमा मन्त्री, नव निर्वाचित सांसद, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुखलगायत उपस्थित हुनुहुन्थ्यो । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि संसद् बैठक आह्वान गर्ने तयारी भइरहेको छ ।

यसैको तयारीका लागि बुधबार प्रतिनिधिसभाका ज्येष्ठ सदस्य केसीले शपथ लिनुभएको हो । उहाँ ७८ वर्षका हुनुहुन्छ । सङ्घीय संसद् सचिवालयका अनुसार भोलि बिहीबार ज्येष्ठ सदस्य केसीले प्रतिनिधिसभाका नवनिर्वाचित बाँकी २७४ जना सदस्यलाई शपथ गराउनुहुनेछ । नयाँ सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्य केसीले संसद् बैठकको अध्यक्षता गर्नुहुनेछ ।

## *निर्वाचनमा प्रयोग ...*

गर्न सकिने भनिएको छ ।

कानुनमा काम तामेल भएको तीन महिनापछि धुल्याउने कागजातहरूको वर्गीकरण गरिएको छ । 'नक्सा र डिजाइनसम्बन्धी तथ्याङ्कबाहेक कुनै निर्माण कार्यसम्बन्धी योजना, सम्झौता, ठेक्का पट्टा, अनुदानसम्बन्धी कागजात सो कार्य पूरा भएपछि लेखापरीक्षण गराउनुपर्ने भए गराइ अन्तिम रूपमा फर फारख भएपछि र लेखा परीक्षण गराउनुपर्नेमा सम्बन्धित कार्य पूरा भएपछि धुल्याउने व्यवस्था छ । राष्ट्रका लागि अभिलेखमूलक कागजात कहिल्यै नधुल्याउन नपाउने भनिएको छ ।

आयोगले विसं २०७९ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि चार/चार करोड मतपत्र छपाइ भएकामा करिब ६२ प्रतिशत मतदान भई बाँकी मतपत्र प्रयोगविहीन भएको थियो ।

# निवृतिभरण कागजात हराएको सूचना

सप्तरीको बोदेबर्साइन गाविस ३ हाल बोदेबर्साइन नगरपालिका वडा नं. ५ बस्ने स्वर्गिय भोगिलाल यादवको छोरा रामनारायण यादवको ५२८६७ नम्बरको निवृतिभरण कागजात राजविराजबाट घरतर्फ जाँदै गरेको अवस्थामा मिति २०८२ कात्तिक २० गतेका दिन हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मोवाइल नम्बर ९८०६९४८४५९ मा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध छ ।

## *"लेखनाथ आदर्श ...*

अवस्था ठीकठाकै थियो । तर, पछिल्लो पटक बि.स. २०७२ सालमा आएको विनाशकारी भुकम्पमा भवनको अवस्था विग्रियो । फलस्वरुप पुस्तकालयको सिलिङ (छत) आफै भत्किएर झर्दै, पर्खालहरुमा चिरा पर्न थालेको थियो ।

आ.व. २०७७/७८ मा तत्कालिन राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवको पालामा पुस्तकालय भवन भत्काएर नयाँ भवन निर्माणका लागि टेण्डर आह्वान गरिएको थियो । झण्डै तीन वर्षपछि नयाँ भवन निर्माण भयो । हाल ती नयाँ भवनमा राजविराज नगरपालिकाले खुल्ला टेण्डर प्रक्रियाबाट धरौटी रकमसहित मासिक रुपमा भाडा लगाएको छ ।

वि.स. १९९९ सालमा सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरमा आदर्श पुस्तकालय (लेखनाथ) स्थापना भएको हो । राजविराजमा कर्मचारीको लागि छुट्याइएको ८ विग्हा जग्गामा स्वर्ण ( तत्कालिन लंका) टोलमा स्थापना भएको थियो । पछि वि.सं. २०२१/२२ सालमा तत्कालिन सूर्यप्रसाद श्रेष्ठ सहायक अंचलाधिश भएको बेलामा उनकै प्रयासमा आर्दश पुस्तकालयलाई लेखनाथ आदर्श पुस्तकालय नामाङकन गरि भवन निर्माण गराई उद्घाटन गरिएको थियो । उक्त पुस्तकालयलाई संचालन गर्न स्थानिय बद्री प्रसाद लुईटेललाई जिम्मा लगाइएको थियो । जसको लाइब्रेरियनमा हाल अवकाश प्राप्त मावि शिक्षक शिवराज भट्टले २०३५ सालदेखी नि:शुल्क सेवा दिँदै आएका थिए । तर, पछि उक्त पुस्तकालय नेपाल स्काउटको जिम्मा लगाइएको थियो । र २०४९ सालसम्म पुस्तकालय स्काउटकै निगरानीमा संचालनमा रहेको थियो ।

यस्तै बि.सं. २०४७ सालको राजनीतिक परिवर्तनसँगै पुस्तकालय तत्कालिन राजविराज नगरपालिकाका मेयर जगरनाथ दासको पालासम्म राम्ररी नै संचालन भएको थियो । जुन पुस्तकालयमा विपी कोइराला, पुष्पलाल श्रेष्ठको टिप्पणीसहितको निरिक्षण पुस्तिका रहेको थियो । तर अहिले सो पुस्तकहरु कहाँ छन् सायदै उपलब्ध हुने कुरामा शंका छ ।

## *उदाउँदो सूर्यलाई ...*

चढाएर बर्तालुले खान्छन् । यो प्रसाद खाएपछि निराहार व्रत प्रारम्भ हुन्छ । षष्ठी तिथिका दिन निराहार व्रत रही साँझ पवित्र जलासयमा बनाइएको घाटमा गई अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य (अर्घ) दिने परम्परा छ । यस क्रममा फलफूल र ठकुवा (गहुँको पीठोबाट बनाइएको मिष्टान्न परिकार), भुसुवा (कसार) र अन्य परिकार राखिएको डाला हातमा उठाएर सूर्यदेवलाई देखाइन्छ । कम्मरसम्म पानीमा चोबलिएर सूर्यलाई अर्घ्य दिने परम्परा छ ।

चौथो अर्थात् सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई यिनै प्रसाद सामग्री देखाएर अर्घ्य दिई बर्तालुले व्रत समापन गर्नेछन् ।

शरद् र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य र सूर्य पत्नी षष्ठीको उपासनाको पर्व मानिन्छ । शरद् ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ ।


**नेपाल सरकार**
**भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि सुधार तथा मालपोत कार्यालय राजविरज ,सप्तरी**

प.नं.०८२/०८३
च.नं.

मिति:- २०८२।१०। २५

**विषय:-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना ।**

रैति नं. ८ को रैति जिलेवि गोपको नाममा दर्ता रहेको साविक प्रगन्ना पकरीया मौजे रामनगर हाल तपसिल वमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स.रामनगर वार्ड नं.५ हाल परिवर्तितत बलान विहुल गा.पा.वार्ड नं.५ वस्ने स्व.सतन यादवको बुहारी स्व.महेन्द्र यादवको पत्नी अचलन देवी यादवनी र ऐ.ऐ.वस्ने स्व.सतन यादवको नाति स्व.जहरु यादवको छोरा राम कुमार यादव समेतले यस कार्यालयमा द.नं.११०८५ मिति २०८२।९।९ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित गर्न मिति २०८२।१०।२५ गतेमा आदेश भए वमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वज़निक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माँग दावी वमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ काननु वमोजिम कार्यवाहि भै जाने छ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

**तपसील**

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | ...तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८५१ | रामनगर | ५(क) | ५८ | ०-४-१९ | | स्व.बाबु मडरको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा जिलेविया गोप को नाउँमा कायम रहेको | फिल्डवुकको जग्गाधनी महलमा पोखरीको डिल किसानको महलमा खाली र कैफियत महलमा खाली रहेको । |

नायब सुब्बा



सूचना ! सूचना !! सूचना !!!

**इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।**

हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



**सम्पर्क : ०३१-५९०००५**
**९८०४७४२२८०, ९८४२२७०७२४**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*